# राष्ट्रिय सहकारी बैंक लि.

## NATIONAL CO-OPERATIVE BANK LTD.

**परामर्श कार्यक्रम**

लुम्बिनी प्रदेशका सहकारी संघ/संस्थाहरुको लागि

# अभौतिक (भर्चुअल) परामर्श कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लि.ले नियमित रुपमा सञ्चालन गर्दै आइरहेको "परामर्श कार्यक्रम" अन्तर्गत लुम्बिनी प्रदेशका सहकारी संघ/संस्थाहरुलाई लक्षित गरेर प्रदेशस्तरिय परामर्श कार्यक्रमका रुपमा मिति २०८३ भाद्र २५ गते बिहिबार (दिउँसो २:०० बजेदेखि) सञ्चालन हुने "सदस्य पहिचान विवरण र वार्षिक साधारण सभा सम्बन्धी परामर्श कार्यक्रम" मा दिइएको Meeting ID र Passcode वा जुम लिंक मार्फत सहभागिता जनाई लाभान्वित हुनका लागि हार्दिक अनुरोध गर्दछौं।

### कार्यक्रम मिति र समय

मिति:
२०८३ भाद्र २५ गते बिहिबार

समय:
दिउँसो २:०० बजेदेखि

### अभौतिक (भर्चुअल) सहभागिताका लागि विवरण

zoom

**Topic:** Lumbini - KYM & AGM

**Time:** Sep 10, 2026 14:00 Kathmandu

**Join Zoom Meeting**
https://zoom.us/j/91258918520?pwd=Gj8K1CnjaCYdGLseyWUUaJPb457VEE.1

**Meeting ID:** 912 5891 8520

**Passcode:** ncbl

**आयोजक: राष्ट्रिय सहकारी बैंक लि.**


नमस्कार
९८६०९२२७१६
manoj.Lamichhane@ncbl.coop
fb.com/lnmanoj9841107569
मनोज लामिछाने
सहायक अधिकृत, राष्ट्रिय सहकारी बैंक लि.
सदस्य सेवा महाशाखा

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कार्यक्रमका मुख्य विषयवस्तु

- ✓सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा सम्पत्ति शुद्धीकरण निवारण (AML) - सदस्य पहिचान विवरण
- ✓राष्ट्रिय सहकारी नियमन प्राधिकरणको वार्षिक साधारण सभा सम्बन्धी निर्देशन

Cooperative Build a Better World #EnergizedToServe #NCBL

## सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा


# सम्पत्ति शुद्धीकरण निवारण (AML)

KYM विशेष परामर्श कार्यक्रम

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा AML

- ✓मिति २०८२ आषाढ ३२
- ✓एकीकृत निर्देशन
- ✓सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी बुँदा ६८ – ७६
- ✓सदस्य पहिचान विवरण
- ✓बुँदा ६८ र ६९



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)

फोन नं. ४४६५३६५
Email: info@deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८१।८२
चलानी नं. : १५२८

मिति: २०८२/०३/३२
ने.सं.११४५ दिल्लागा ६, बुधबार

<u>विषय: एकीकृत निर्देशन, २०८२ जारी गरिएको सम्बन्धमा।</u>

श्री सरोकारवाला सबै।

सहकारी ऐन, २०७४ मा भएको पछिल्लो संशोधन र सहकारी क्षेत्रमा आएको परिवर्तनलाई समेत सम्बोधन गरी सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न आवश्यक देखिएकोले यस विभागको मिति २०८२/०३/३२ को निर्णयानुसार **"सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०८२"** जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८२/०३/३२
उमेश ढुङ्गाना

## सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा AML

६८. सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हात-हतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा सदस्यहरुको पहिचान गरी सदस्य पहिचान फाराम (KYM) भराउनु पर्नेछ ।

## सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा AML

६९. सञ्चालक समिति, लेखा सुवरीवेक्षण समितिका सदस्य र व्यवस्थापकको KYM विवरणमा राष्ट्रिय परिचयपत्र नम्बर सहित तीन महिनाभित्र अद्यावधिक गर्नुपर्नेछ । अन्य सदस्यको हकमा KYM नविकरण गर्दा र नयाँ सदस्यको हकमा सदस्य बनाउद्दा अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर सहित अद्यावधिक गर्नुपर्नेछ ।

## सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा AML

७०. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी आन्तरिक नीति तथा कार्यविधि साधारण सभाबाट पारित गरी लागु गर्नुपर्नेछ ।

७१. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यका लागि सञ्चालक समितिको निर्णयबाट कार्यान्वयन अधिकारी नियुक्ति गरी काममा लगाउनुपर्नेछ ।

## सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा AML

७२. सहकारी संघसंस्थाले अनिवार्य रुपमा नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाइको go-AML Software System मा आवद्द भई सीमा कारोवार प्रतिवेदन (TTR), संकास्पद कारोवार प्रतिवेदन (STR) र शंकास्पद गतिविधि प्रतिवेदन (SAR) पठाउनु पर्नेछ ।

७३. सहकारी संघसंस्थाले संस्थागत जोखिमको पहिचान तथा मूल्यांकन गरी सो को प्रतिवेदन विभागमा पेश गर्नुपर्नेछ ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

## सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा AML

७४. सहकारी संघसंस्थाले जोखिम मूल्यांकनको आधारमा सदस्यहरु-लाई उच्च, मध्यम तथा न्यून स्तरमा वर्गीकरण गरी अभिलेख राख्नुपर्नेछ । साथै उच्च पदस्थ व्यक्तिको पहिचान गरी छुट्टै अभिलेख राख्नुपर्नेछ ।

७५. सहकारी संघसंस्थाले वास्तविक धनीको पहिचान गरेर मात्र कारोबार गर्नुपर्नेछ ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

## सहकारी विभाग (हाल रजिष्ट्रारको कार्यालय) को निर्देशनमा AML

७६. सहकारी संघसंस्थाले सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानून तथा विभागबाट जारी भएका निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

# सदस्य पहिचान विवरण (KYM)

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# सहकारी संघसंस्थाले भराउनुपर्ने KYM

अनुसूची १ – सबै सदस्यहरुको भर्ने – कार्यविधि बनाई हरेक ३ वर्षमा

- जोखिमस्तरका आधारमा नियमित रुपमा अद्यावधिक गर्ने
- उच्च जोखिममा रहेका सदस्यको जुनसुकै बखत भराउन सकिने
- जोखिमस्तरमा परिवर्तन भएमा भराउनु पर्ने
- सदस्यले उपलब्ध गराएका विवरणहरु परिवर्तन भएमा वा संस्थाले आवश्यक ठानेमा भराउन सकिने ।
- CoPoMIS मा अद्यावधिक गर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# सबै सदस्यको KYM किन भराउने ?

- कानुनी अनुपालना
  - सम्पत्ति शुद्धीकरण निवारण ऐन नियमको परिपालना
  - सहकारी ऐन नियमको परिपालना
  - सहकारी विभागको निर्देशन परिपालना
  - राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन परिपालना
  - दण्ड, जरिबानाबाट बच्नका लागि ।

**Cooperative Build a Better World #EnergizedToServe #NCBL**

# सबै सदस्यको KYM किन भराउने ?

- सदस्य पहिचानका लागि
  - सदस्यको व्यक्तिगत एवं पारिवारिक विवरण, पेशा र आम्दानी
  - सदस्य वा परिवारको सदस्य उच्च पदस्थ भूमिकामा रहे नरहेको
  - सदस्यको बसाईको विवरण
  - सदस्य र परिवारको सहकारीमा सदस्यताको अवस्था र प्रयोजन
  - सदस्यको शेयर बचत र ऋण, वार्षिक अनुमानित कारोबार
  - स्वघोषणा, संलग्न कागजात र सिफारिसकर्ता सदस्यको सिफारिस

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# सबै सदस्यको KYM किन भराउने ?

- वास्तविक धनिको पहिचानका लागि
- बृहत पहिचानका लागि
- जोखिमका आधारमा सदस्यको वर्गीकरणका लागि
- पेशा व्यवसाय र आम्दानीका आधारमा सेवाको बजारीकरणका लागि
- एकै प्रकृतिको कारोबारका लागि दोहोरो सदस्यताको अन्त्यका लागि
- सदस्य शुद्धीकरण, कारोबारमा प्रोत्साहन, संस्थागत अपनत्वका लागि

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# सबै सदस्यको KYM नभराउँदा के हुन्छ ?

- कारबाहीहरु
  - निर्देशन पालना नगर्दा १० लाखदेखि ५ करोडसम्म जरिवाना
  - आतंकवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर गर्ने व्यक्तिलाई बिगो खुलेकोमा बिगोको ५ गुणा र बिगो नखुलेकोमा एक करोड रुपैंयासम्म जरिवाना र कसूरको गाम्भीर्य हेरी तीन देखि २० वर्षसम्म कैद सजाय हुने । (AML ऐनको दफा ३०)

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# सबै सदस्यको KYM नभराउँदा के हुन्छ ?

- कारबाहीहरु
  - कारोबार, पेशा वा व्यवसाय गर्न पूर्ण वा आंशिकरुपमा रोक लगाउने ।
  - दर्ता, ईजाजत खारेजी गर्ने ।
  - मुद्दा दर्ता गर्न हदम्याद नलाग्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# सहकारी संघसंस्थाले भर्नुपर्ने KYM

अनुसूची ३

## सहकारी संस्थाको जोखिम मूल्यांकनको अद्यावधिक वार्षिक प्रतिवेदन

- सञ्चालक समितिको बैठकमा छलफल गर्ने – नियमित अनुगमन
- वार्षिक रुपमा नियमनकारीमा पेश गर्ने
- राष्ट्रिय सहकारी बैंकमा पनि पठाउने
- कार्यालय प्रति सुरक्षित राख्ने

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# अब गर्ने के त ?

- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी आन्तरिक कार्यविधि बनाउने
- कर्मचारीहरुलाई AML कार्यविधि वार्षिक रुपमा अनुशिक्षण गराउने
- सञ्चालक समितिको निर्णयद्वारा कार्यान्वयन अधिकारी तोक्ने
- Go-AML Prod Envn. दर्ता आबद्ध हुने
- सबै सदस्यहरुको KYM भराउने
- सदस्यहरुको जोखिमस्तर पहिचान गर्ने
- नियमित रुपमा KYM अद्यावधिक गर्ने

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# अब गर्ने के त ?

- CoPoMIS मा KYM अद्यावधिक गर्ने
- वास्तविक धनिको पहिचान गर्ने
- सदस्यको बृहत पहिचान गर्ने
- Go-AML Prod Envn. मार्फत कारोबारको प्रतिवेदन गर्ने


सीमा कारोकार १० लाखभन्दा बढी नगद कारोबार

कारोबार भएको १५ दिनभित्र

शंकास्पद कारोबार तत्कालै वा शंका लागेको ३ कार्यदिनभित्र

# अब गर्ने के त ?

- CoPoMIS मा मासिक प्रतिवेदन दाखिला अन्तर्गत रहेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रतिवेदन मासिक रुपमा पठाई सञ्चालक समितिको बैठकमा निरन्तर अनुगमन गर्ने



# अब गर्ने के त ?

- सहकारी विभागमा विस्तृत जोखिम मूल्यांकन प्रतिवेदन पठाउने भाद्र मसान्तसम्ममा (आ.व. समाप्त भएको २ महिनाभित्र)
- नियामक निकायमा जोखिम मूल्यांकन अद्यावधिक प्रतिवेदन पठाउने श्रावण मसान्त भित्र

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# राष्ट्रिय सहकारी बैंकमा के र कहिले अद्यावधिक गर्ने ?

अनुसूची १ - Individual KYM

सञ्चालक समिति, व्यवस्थापक र खाता सञ्चालकहरुको छुट्टाछुट्टै भर्ने

नयाँ समिति चयन भएपछि वा उपनिर्वाचन भएपछि

व्यवस्थापक/खाता सञ्चालक फेरिएपछि

सामान्यतया हरेक ३ वर्षमा

अनुसूची २ - Cooperative KYM

सहकारी संस्थाको भर्ने – हरेक वर्ष

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# राष्ट्रिय सहकारी बैंकमा के र कहिले अद्यावधिक गर्ने ?

अनुसूची ३ – नियामक निकायमा पठाएको विवरण उपलब्ध गराउने

सहकारी संस्थाको जोखिम मूल्यांकनको अद्यावधिक वार्षिक प्रतिवेदन

हरेक वर्ष श्रावण मसान्तसम्ममा

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# राष्ट्रिय सहकारी बैंकमा अद्यावधिक नगर्दा के हुन्छ ?

संस्थाको जोखिमस्तर बढ्छ ।

संस्थाको बैंकमा रहेको खाता निष्कृय हुनसक्छ ।

संस्थाको बैंकमा रहेको खाताको कारोबारमा रोक लाग्न सक्छ ।

बैंकको साधारण सभामा संस्थाको भाग लिने अधिकार गुम्न सक्छ ।

संस्था बैंकको सदस्यबाटै हट्न सक्छ ।

**यी सबै बैंकले चाहेर हुने होइन, नियमले गराउने हुन ।**

# सदस्य पहिचान फाराम

# हेर्दै छलफल गर्दै

# अघि बढौं न हैं ... ?

# राष्ट्रिय सहकारी नियमन प्राधिकरणको साधारण सभा सम्बन्धी निर्देशनतर्फ अघि बढौं न हैं ... ?

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

सहकारी ऐन, २०७४ को दफा ३९ (२) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभालाई सदस्य-केन्द्रित र मितव्ययी बनाई सुशासन कायम गर्न आवश्यक देखिएकोले सोही ऐनको दफा १०३ (ज) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०५/१७ मा जारी गरेको निर्देशन

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

१. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभामा सहकारी संस्थाको दर्ता, नियमन, अनुगमन वा सुपरिवेक्षणसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित कुनै पनि निकायका गैर-सदस्य कर्मचारी वा पदाधिकारी सहभागी नहुने/नगराउने । यस विपरीत त्यस्ता पदाधिकारीहरूको सहभागितालाई स्वार्थको द्वन्द्व **(Conflict of Interest)** मानिने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

२. साधारण सभामा गैर-सदस्य व्यक्ति वा पदाधिकारीलाई आमन्त्रण गरी उद्घाटन सत्र, आसनग्रहण वा अतिथिका मन्तव्यजस्ता औपचारिक कार्यक्रममा समय व्यतित नगरी सिधै साधारण सभाको छलफल एजेन्डामा प्रवेश गर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

३. सहकारी संस्था आबद्ध रहेको माथिल्लो संघबाट कुनै परामर्श आवश्यक परेमा वा सदस्य शिक्षा दिनु परेमा न्यूनतम संख्यामा मात्र गैर-सदस्य प्रतिनिधि वा स्रोत व्यक्तिलाई साधारण सभाको प्रारम्भमै परामर्श वा सदस्य शिक्षा प्रदान गर्ने गरी आमन्त्रण गर्न सकिने ।

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

४. साधारण सभामा नयाँ कार्यसमिति निर्वाचित गर्नुपर्ने अवस्थामा निर्वाचन उपसमिति सहित निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने जनशक्तिलाई उपस्थित गराउन सकिने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

५. बचतकर्ताको हितलाई मध्यनजर गरी संस्थामा मितव्ययीता कायम गर्न साधारण सभामा उद्घाटन, अतिथि सत्कार, यातायात खर्च, सहभागी भत्ता, अतिथि उपहार, भोजभतेर (आवश्यकता अनुसार सदस्यहरूको सामान्य खाजा/खाना बाहेक) जस्ता क्रियाकलापमा फजुल खर्च नगर्ने/नगराउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

६. सहकारी संस्थाको कार्यक्षेत्रभित्र सदस्यहरूलाई पायक पर्ने स्थानमा साधारण सभाको आयोजना गर्नुपर्ने ।

७. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून तथा यस निर्देशन बमोजिम साधारण सभा सम्पन्न गरी सोको एक महिनाभित्र यस प्राधिकरणमा विद्युतीय प्रणाली (इमेल: admin@ncra.gov.np) मार्फत संक्षिप्त प्रतिवेदन पेश गर्नुपर्ने ।

# NCRA को साधारण सभा सम्बन्धी निर्देशन

८. यस निर्देशनको पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने ।

# खुला छलफल

# धन्यवाद !

# फेरी भेटौंला !

९८६०९२२७१६

Cooperative Build a Better World #EnergizedToServe #NCBL